# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १३ मितिः २०८०/०२/०४

**भाग-१**

माण्डवी गाउँपालिका

**शिक्षा नियमावली २०७४ लाई संशोधन गर्न बनेको नियमावली, २०८०**

प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ अनुसार माण्डवी गाउँपालिकाद्वारा बनाइएको शिक्षा नियमावली २०७४ को पहिलो संशोधन र मूल नियमावलीमा संशोधन गर्न वाञ्छनीय भएकोले,

माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०२/०४ गतेको बैठकले नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरेको छ ।

**संक्षिप्त नाम र प्रारम्भ** (१) यस नियमावलीको नाम "गाउँपालिका शिक्षा नियमावली, (तेस्रो संशोधन) २०८०" रहेको छ ।

(क) यो नियमावली गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली (पहिलो संशोधन) २०७६ र मूल नियमावलीमा भएको संशोधन

| नियम /उपनियम | साविक कायम भएको | हाल संशोधन गरिएको |
|---|---|---|
| २६(२) | विद्यालय व्यवस्थापन समितिको कार्य अवधि २ वर्षको हुने (पहिलो शंसोधन) | विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुने |
| ५०(२) | प्रधानाध्यापक हुनको लागि विद्यालयमा कम्तिमा ५ वर्ष स्थायी शिक्षकको शिक्षण अनुभव भएको | प्रधानाध्यापक हुनको लागि विद्यालयमा कम्तिमा ५ वर्ष सम्बन्धित तहमा स्थायी शिक्षकको शिक्षण अनुभव भएको |
| ५० (२) क | नभएको (थप गरिएको) | नियम ५० उपनियम २ बमोजिम कुनै विद्यालयमा सम्बन्धित तहमा ५ वर्ष शिक्षण अवधि पुरा गरेका शिक्षक नभएमा कम अवधि शिक्षण गरेका तोकिएको योग्यता भएका स्थायी शिक्षकलाई समेत प्रधानाध्यापक हुन वाधा परेको मानिने छैन |

प्रमाणीकरण मितिः २०८०/०२/०४

आज्ञाले

प्रकाश पाण्डे

प्रमुख प्रशासकीय अधिकृत